# डेरि संचालन अनुदान कार्यक्रम कार्यविधि २०७९

गण्डकी गाउँपालिका आ.व २०७९/८० बजेट तथा कार्यक्रममा डेरी संचालन अनुदान कार्याक्रम संचालन गर्न बजेटको व्यवस्थापन भएकोले गण्डकी गाउँपालिकामा स्वच्छ स्वास्थ्य एवम गुणस्तरिय दुध उत्पादन तथा उपभोक्ता समक्ष उपलब्ध गराउने उदेश्यले दुध उत्पादन सहकारी तथा कृषी सहकारी संस्थाको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न यो कार्यविधि स्वीकृत गरिएको छ ।

## परिच्छेदः१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम डेरि संन्चालन अनुदान कार्यक्रम कार्यबिधि २०७९ रहेको छ ।

ख. यो कार्यविधि गण्डकी गाउँपालिका गाँउ कार्यपालिकाको स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः

**क गाउँपालिका** भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ ।
**ख. कार्यालय** भन्नाले गण्डकी गाउँपालिकाको कार्यलयलाई सम्झनु पर्दछ ।
**ग. समिति** भन्नाले परिच्छेद २ को दफा ४ बमोजिम सम्झनु पर्दछ ।
**घ. फार्म भन्नाले** एकल स्वामित्व वा बहुस्वामित्व रहि नेपाल सरकारको कुनै निकायमा कानुन बमोजिम दर्ता भएको फार्म सम्झनु पर्दछ ।
**ङ. समुह** भन्नाले कृषि तथा पशु समुह गण्डकी गाउँपालिकामा दर्ता भएको कृषक समुह सम्झनु पर्दछ।
**च. कृषक** भन्नाले गण्डकी गाउँपालिकाका कृषकलाई सम्झनु पर्दछ ।
**छ. कार्यक्रम** भन्नाले गण्डकी गाउँपलिका पशुपन्छी सेवा शाखाको अन्तरिम वार्षिक तथा कार्यक्रम बहुवर्षीय र गाउँपालिकाको कार्यालयसँग अन्य साझेदारहरुले सम्झौता गरि संचालन हुने कार्यक्रम समेतलाई सम्झनु पर्दछ ।
**ज. शाखा** भन्नाले गण्डकी गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

३. उदेश्यः

क. गण्डकी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी गर्न ।
ख. दुग्ध जन्य पदार्थको आयतकम तथा निर्यात प्रर्वधन गर्न ।
ग. दुग्धको गुणस्तर कायम राख्ने ।
घ. दुग्ध उत्पादनमा आत्मानिर्भर हुने ।

**<u>अनुदान रकम उपलब्ध हुने क्षेत्रः</u>**

- डेरी प्रशोधनको लागि भवन निर्माण र सुधार ।
- साना डेरि प्रशोधन केन्द्रमा प्रयोग हुने औजार उपकरणहरु जेनेटर, मिल्क एनालाईजर, मिल्क क्यान, डिप फ्रिज, फ्रिज तथा दुग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद गर्ने ।
- किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैबिक सुरक्षाका बिधी अवलम्बन गर्न ।

परिच्छेद २

<u>छनौट प्रकृयाः</u>

४. रित पूर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकिकरण तथा छनौट गर्नेछ ।

**छनौट समितिः** छनौट समिति देहाय बमोजिम हुनेछः

क. गाउँपालिका अध्यक्ष -संयोजक

ख. गाउँपालिका उपाध्यक्ष -सदस्य

ग. प्रशासकीय अधिकृत -सदस्य

घ. योजना शाखा प्रमुख -सदस्य

ङ. वडा नं ७ का अध्यक्ष -सदस्य

च. वडा नं ८ का अध्यक्ष -सदस्य

छ.गाउँपालिका पशु सेवा प्रमुख -सदस्य सचिव

- गठित समितिले अनुसुची ४ बमोजिम प्रस्तावको मुल्याङ्कन गर्नेछ ।

५. अनुगमन तथा मुल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन वडा कार्यालय गाउँपालिका अनुगमन समिति तथा पशु सेवा शाखा बाट समेत गरिनेछ ।

परिच्छेद ३

## कार्यक्रम संचालन प्रकृया

६. कार्यक्रम संचालनः यस आ. व २०७९/०८०  यस गाउँपालिका भित्र दैनिक न्युनतम १०० लिटर दुध उत्पादन गर्ने सहकारी संस्था वा कृषक सहकारी संस्था संग २५% लागत साझेदारीमा संचालन गरिनेछ ।

७. प्रस्ताव आहानः डेरि संन्चालन अनुदान कार्यक्रम संचालन गर्न ईच्छुक साझेदार संस्थालाई १५ दिनको समय दिई अनुसूची १ बमोजिमको सुचना प्रकाशन गरिन्छ ।

८. प्रस्ताव दर्ताः दफा ७ बमोजिमको समय अबधि भित्र साझेदारी गर्न ईच्छुक संस्थाले सम्बन्धीत तहले दिएको सिफारीस पत्र अनुसुची २ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र  अनुसुची ३ बमोजिमको  कार्ययोजना तयर गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

९. साझेदारी संस्थाको छनौटः  परिच्छेद २ को दफा ४ बमोजिम आबेदकको मुल्याङ्कन गरी प्राप्त अंकको आधारमा साझेदार संस्था छनोट गरिनेछ ।

१०. आवेदकलाई जानकारीः साझेदारी संस्था छनोट भए लगतै साझेदार संस्थालाई जानकरी कार्यालयले गर्ने छ ।

११. सम्झौताः

१. जानकारी दिईएको मितिले १५ दिन भित्र सम्बन्धीत साझेदार संस्थाले गाउँपालिका संग अनसुची ५ बमोजिम सम्झौता गर्नुपर्ने छ ।

२. उपदफा १ बमोजिम समय अवधी भित्र सम्झैता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो संस्था संग सम्झौता गर्न सकिनेछ ।

३. दफा  ७ बमोजिम प्रस्ताव आवहान गर्दा प्रस्ताव नपरेमा वा १ मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुन प्रस्तावन गरिनेछ ।

परिच्छेद ४

<u>कार्यक्रम संचालनको आर्थिक पक्षः</u>

१२. डेरि संन्चालन अनुदान कार्यक्रम रकम प्राप्त गर्न साझेदार संस्थालाई कार्य सम्पन्न पश्चात अनुगमन गरी वडा कार्यलया को सिफारिस, प्राप्त विल भरपाईको आधारमा एक मुष्ठ रकम बैक मार्फत उपलब्ध गराईनेछ ।

१३. थपघट वा हेरफेर गर्न सक्नेः

यो प्रस्तवानाको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउँन गाउँपालिकाको कार्यालयले आवश्यक अनुसार यस प्रस्तावनामा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ । अवरोध फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकताका अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसुची १

(दफा ७ संग सम्बन्धीत)

प्रस्ताव आहवान सम्बन्धीत

प्रथम पटक प्रकाशित मितिः................

आ.व .............को बार्षिक स्वीकृत कार्यक्रम अनुसार डेरि संन्चालन अनुदान कार्यक्रमको माध्यमबाट स्वरोजगार सृजना गर्न कार्यक्रम रहेको हुँदा इच्छुक बाट प्रस्ताव आहावानको लागी यो सुचना प्रकाशित गरिएको छ ।प्रस्तावाक सहकारीले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु विकास शाखमा दर्ता गर्नुहुन यो सुचना जारि गरिएको छ ।

तपशिलः

१.अनुसुची ३ अनुसारको संक्षिप्त व्यवसयक कार्ययोजना ।

२. आधिकारीक तहमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।

३.कार्य समितिको निर्णयको प्रतिलिपि ।

४.प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान ।

५ वडा कार्यलयाको सिफारिस पत्र ।

अनुसूची २

(दफा ८ संग सम्बन्धित)
प्रस्तावना पत्र पेश गर्ने आबेदन पत्र

मिति :
श्री प्रमुख प्रशासकीय अधिकृत
गण्डकी गाउपालिकाको कार्यालय
भुम्लिचोक गोरखा ,

विषयः डेरि संन्चालन अनुदान कार्यक्रम लागत साझेदारी गर्ने बारे ।

महोदयः
हामिलाई डेरि संन्चालन अनुदान कार्यक्रम संचालन गर्न अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्न ईच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन गरेकाछौ । हामीले अनुदान प्राप्त गरेमा निर्धीरित प्रकृया अनुसार सम्बन्धीत गाउँपालिका भित्र रहि कार्य गर्ने छौ भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन गरिएको व्यहोरा अनुरोध छ ।

तपशिलः

१.अनुसुची ३ अनुसारको संक्षिप्त व्यवसायीक कार्ययोजना ।
२.आधिकारीक तहमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३.कार्य समितिको निर्णयको प्रतिलिपि ।
४. प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
५ वडा कार्यलयाको सिफारिस पत्र ।

निवेदकको
नामः
दस्ताखतः
पदः
सहकारीः
ठेगानाः

अनुसूची ३

(दफा ८ संग सम्बन्धित)

प्रस्ताविक कार्ययोजना

१. सहकारीको नामः

२. सम्पर्क नः

३. ठेगाना..............................................................गाउँ/टोल ...........नं वडा डेरी संचालन गरिने स्थान ......................................................................

४. डेरि संन्चालन अनुदान कार्यक्रम संचालन गरिने कार्य विवरणः

| क.सं. | कार्यक्रम | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थान | |
| ३ | आवेदनको नाम र ठेगाना | |
| ४ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत | |
| ५ | प्रस्तावकले आफनै स्रोतबाट व्यहोर्ने रकम | |
| ६ | प्रस्तावित कार्यक्रमको उदेश्य | |

साझेदार संस्थाको तर्फवाट सहि गर्नेको

निवेदकको

नामः

दस्ताखतः

पदः

सहकारीः

ठेगानाः

औठाको छापः दायाँ बाँया

अनुसूची ४

(दफा ९ संग सम्बन्धीत )

डेरि संन्चालन अनुदान कार्यक्रम को प्रस्तावना वा साझेदार संस्था छनोट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरुः

| क्र.स | दर्ता नं | ठेगाना | प्रस्तावित कार्ययोजना (२०) | दुध उत्पादक कृषक सदस्य संस्या (३०) | दैनिक दुध संकलन परिमाण(२०) | पिछडिएको क्षेत्र (१0) द्धन्द पिडित(१०)एकल महिला (५) बिपन्न वर्गका समुदाय (५) | जम्मा प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|

अनुसूची ५

दफा ११ संग सम्बन्धीत

<u>सम्झैता-पत्र</u>

गण्डकी गाउँपालिका (यसपछी प्रथम पक्ष भनिएको ) र.......................................

(यसपछी दोस्रो पक्ष भनिएको) डेरी संचालनको लागि देहाय बमोजिम शर्तको अधिनमा रही तोकिएको शर्तहरु पालना गर्ने गरी यो सम्झैता गरिएको छ ।

<u>शर्तहरु</u>

१. प्रस्तावित डेरि संचालन तथा स्थापना गर्न गोरख जिल्ला गण्डकी गाउँपालिका ....नं. वडा ..................टोलको ................भन्ने ठाउँमा मिति ..................सम्ममा सम्पन्न गरिनेछ ।
२. प्रस्तावना पत्रमा पेश भए अनुसारको कार्य भएको हुनुपर्ने ।
३. अन्तीम भुक्तानि लिन आउदा आवस्यक बिल भरपाई कार्यक्रमको माईन्युट, कार्यक्रमको फोटो र वडा कार्यालयको सिफारिस आदी आवश्यक कागजात पेश हुनुपर्ने ।
४. सम्झैता भुक्तानी कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झैता भंग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।
५. दोस्र पक्षले कार्यक्रम सन्चालन गर्दा प्रथम पक्षलाई जानकारी दिएर मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ ।
६. प्रथम पक्षले उक्त कार्यक्रमहरुमा खर्च भएको रकम दोस्रो पक्षले पेश गरिएको बिल भरपाईको आधारमा रु......................सम्म उपलब्ध गराउने छ। नियम अनुसार लाग्ने कर दोस्र पक्षले ब्यहोर्नु पर्ने छ ।
७. प्रस्तावित कार्यक्रम स्थल सम्झैता मुताबित भन्दा अन्यन्त्र सारिने छैन, तथापी काबु वाहिरको अवस्थामा रुपान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनिवार्य रुपमा लिनु पर्नेछ ।
८. प्रस्तावित कार्यक्रम संचालन गरिएको थलोमा ठेगना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिवार्य रुपमा गर्नेछ ।
९. सम्झैतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. उत्पादित वस्तु (दूध) बजारिकरणको व्यवस्था प्रथम पक्षले गर्नेछ । अन्यन्त्र विक्रि वितरण गर्नु पर्ने भएमा प्रथम पक्षको स्वीकृती लिएर मात्र गर्नुपर्नेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाटः | पहिलो पक्षको तर्फबाटः |
| हस्ताक्षरः ..................... | हस्ताक्षरः ..................... |
| नामः | नामः |
| पदः | पदः |
| समूह/सहकनरीको छापः | कार्यालयको छापः |

| | |
|---|---|
| साक्षी | साक्षी |
| हस्ताक्षरः ..................... | हस्ताक्षरः ..................... |
| नामः | नामः |
| पदः | पदः |
| ठेगनाः | ठेगनाः |

इति सम्बत् ............... साल .............. महिना .............. गते ............... रोज शुभम् ।